# Terms of References (ToR)
## *Call for Expression of Interest (EoI) for the supply of Materials & Services*

**१, भूमिकाः**

नेपाल स्वास्थ्यको लागि पानी (नेवा) नेपालको एक राष्ट्रिय गैर सरकारी संस्था (NGO) हो जसले स्वच्छ पिउने पानी, सरसफाइ तथा स्वच्छताको प्रवर्द्धनका लागि कार्य गर्दै आइरहेको छ । सन् १९९२ मा यसको स्थापनाकाल देखि नै नेवाले देशका ५१ जिल्लामा कार्यरत रही लगभग २० लाख अर्थात् कूल जनसंख्याको ७% जनसंख्यालाई लिङ्ग, जात, जनजाति तथा वर्गको विभेद नगरी सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा आधारभूत सरसफाई सुविधामा पहुंच तथा सेवा पु-याइरहेको छ ।
नेवा प्रदेश कार्यालय, सिन्धुलीद्वारा सिन्धुली जिल्लाका ग्रामिण क्षेत्रहरुमा सञ्चालित खानेपानी, स्वास्थ्य तथा सरसफाई आयोजनाहरुका लागि आवश्यक निर्माण सामग्रीहरु आपूर्ति गर्नका लागि सम्भावित तथा योग्य आपूर्तिकर्ताहरु छनौट गरी सामग्री निर्माण तथा आपूर्ति गराउनु रहेकोछ ।

**२, उद्देश्यः**

यस ToR (सान्दर्भिक सर्तहरु) को उद्देश्य सम्भावित तथा योग्य आपूर्तिकर्ताहरुबाट खानेपानी, स्वास्थ्य तथा सरसफाई कार्यमा आवश्यक निर्माण सामग्री तथा सेवा आपूर्ति गर्न पाउँ भनी EOI (आसय पत्र) समावेश गराउनु रहनेछ । नेवाको खरीद प्रक्रिया नीति बमोजिम छनौट भएका योग्य आपूर्तिकर्तालाई मात्र तत पश्चातको प्रक्रियामा समावेश गराइनेछ ।

**३, कार्य क्षेत्र/विवरणः**

नेवाद्वारा सञ्चालित आयोजनाहरुका लागि नेवाले निर्धारण गरेको आवश्यक नाप नक्सा, मापदण्ड तथा परिमाण अनुसारका निर्माण सामग्रीहरु सम्भावित तथा योग्य आपूर्तिकर्ताहरुबाट तपसिलमा उल्लेखित वर्गीकरण गरिएका सामग्रीहरुको आपूर्तिका लागि EOI (आसय पत्र) पेश गर्नुपर्नेछ ।

**मूख्य सामग्री/सेवाको नामावली**

१, सिमेन्ट
२, ढुवानी सेवा
३, समर्सिबल पम्प तथा विद्युतीय सामग्री (ग्रिड लिफ्टीङ्ग प्रणाली) ।
४, समर्सिबल पम्प, सोलार प्यानल तथा सम्बन्धित अन्य सामग्रीहरु (सोलार लिफ्टीङ्ग प्रणाली)

**आवश्यक कागजात तथा शर्तहरु :**

- आवेदन पत्र, साथमा_सम्बन्धित सामग्री तथा सेवाको कार्य गर्न पाउने इजाजत पत्र (Company Registration), मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र (VAT), आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्र (Tax Clearance Certificate)
- आपूर्तिकर्ताको मुख्य व्यवसाय आपूर्ति कार्यसंग सम्वन्धित रही तीन वर्षको अनुभव हुनु पर्ने छ ।
- एउटै फर्मले एकभन्दा बढी समूहमा कार्य गर्ने भए छुट्टाछुट्टै निबेदन दिनुपर्ने छ ।
- लेखा परीक्षण प्रतिवेदन (आ.व. २०७४/०७५ को ) ।
- न्युनतम् २ वटा अघिल्लो सेवाग्राहीसँग काम गरेको सिफारिस पत्र ।
- साझेदारीमा विविध फर्म खोलिएको भए कुनै एक फर्मले मात्र निवेदन पेश गर्नुपर्ने छ । सोको पुष्टिका लागि संस्थाको वेवसाइट https://newah.org.np/notice मा उपलब्ध नमूना अनुसारको स्वघोषित फारम (Self Declaration Form) निवेदन साथ पेश गुर्नपर्ने छ ।
- माग गरिएका प्रतिलिपीहरु रजिष्टर्ड (दर्तावाला) नोटरीबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।
- आवेदन पत्रमा आवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर साथै शोरुम र फ्याक्ट्रीको सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ ।

**नोटः**

१. उपरोक्त बमोजिम सूचीकृतका लागि दरखास्त दिदा सम्बन्धित **आवश्यक कागजात तथा शर्तहरु** मा उल्लेख गरिएका सबै व्यहोरा तथा प्रमाणपत्रहरु अनिवार्य संलग्न गरी सिलबन्दी गरी खाममा फर्मको नाम,  छाप र सम्पर्क नम्वर सहित पेश गर्नुपर्नेछ ।

२. सामग्रीको कम मुल्यमात्र आपूर्तिकर्ता छनौटको आधार हुनेछैन, गुणस्तर, फर्म वा फ्याक्ट्री भएको ठाउँ, विगतको कार्य अनुभव तथा सामग्री आपूर्तिगर्न सक्ने क्षमताको आधारलाई पनि छनौटको आधार मानिनेछ ।

३. आसय पत्रको दरखास्त मितिः २०७६ जेठ २४ (7 June 2019) गते बेलुकी ५:०० बजे भित्र तपशिलमा उल्लेखित ठेगानामा पेश गरि सक्नु पर्नेछ ।

४.म्याद नाघी वा उल्लेखित कागजातहरु नपुग भई प्राप्त हुन आएका दरखास्तहरु मान्य हुने छैनन् ।

EOI ( आसय पत्र)को दरखास्त बुझाउने ठेगानाः

**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**
प्रदेश कार्यालय,
मधुटार, सिन्धुली,
सम्पर्क फोनः ०४७–५२०२३८

अथवा

**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**
पो.ब.नं. ४५९००, सिन्धुली

# NEPAL WATER FOR HEALTH (NEWAH)

## Headquarters, Lohasal, Kathmandu

FMR-23-SDF

**Self-Declaration for Submission of EOI/Quotation and Services for Supplies**

Nepal Water for Health (NEWAH)

........................................

.........................................

Nepal

Dear Sir / Madam

We hereby declare that we are legally eligible to participate in the process of Procurement and Services. We hereby also declare that we have not received any punishment while doing business for the last three years and we do not have any Conflict of Interest in the said assignment.

We also hereby confirm that we:

- Have not bid for the procurement of same materials/Services in partnership or association with any other firms/industries/agencies or organizations.
- Do not have any personal or financial interest with any staff member at NEWAH.
- Have not engaged or associated with any kind of terrorist activities.
- Have not enforced or exploited child labour or and forced labour.
- Always endeavor to use local/national human and material resources as far as practical.
- Are not blacklisted as per the procurement policy of NEWAH.

Signature:

Name:

Designation:

For and on behalf of: